# नेपाल गजेट

## भाग ४

### श्री ५ को सरकारद्वारा प्रकाशित

### काठमाडौं माघ २७ गते २०१५ साल

श्री ५ को सरकार

## अर्थ ( आय ) मन्त्रालयको सूचना

खोला नालामा रहेको वा भएको साधारण ढुंगाहरू संग देहाय बमोजिम गरी निकासी गर्न टेक्का दिने श्री ५ को सरकारले मिति ०१५–८–२० मा निर्णय गरेकोले सब सरकारी अड्डा र सर्व साधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(१) खोलाको ढुंगा निकाशी गर्न दिंदा बढाबढ गराई बढावढीमा सबभन्दा बढी बूलार्नेलाई ऐन सवाल बमोजिम गर्न दिने । यसरी असूल भएको रायल्टी खानि अड्डाको आमदानी भनि मालमा दाखिल गर्ने ।

(२) बढाबढी सिल टेण्डरको तरिकाले गर्ने । रायल्टी लि खोलाको ढुंगा निकासी गर्ने ठेक्का रकम आर्थिक वर्ष निमित्त मात्र दिने र यस्तो बढाबढी सम्बन्धीत गोस्वाराले खोलाको ढुंगा निकासी गर्दा सरकारको बिकाश कार्यक्रम र जन साधारणको आवस्यकता पीर र मर्काको बिचार



E38

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राखि मुनासिब ठहराएमा एक एक खोलाको छुट्टाछुट्टै गरी सिलटेण्ड-रको मिति बिज्ञापन गरी सिलटेण्डर लि ठेक्का दिने निर्णय गोस्वारालेनै गर्ने । ठेक्का दिएको वा तोडेको सूचना सम्बन्धीत गोस्वाराले खानि अड्डालाई तुरुन्त दिने ।

(३) ढंगा निकासी गर्न ठेक्का लिने ठेकदारले रायल्टीको अतिरिक्त भंसार महसूल प्रति १०० घन फूट [ Cudic ft ] को भैरहेको निकासी महसूलको दरबन्दी बमोजिम भारू. १ एक का दर्ले तथा सरकार को कुनै अन्य दस्तुर भए सो, जस्तै रोडशेष, इत्यादि बुझाउन पर्नेछ ।

(४) सिलटेण्डर साथ डिपोजिट लिंदा शुरूमा वर्षलाई प्रति खोला निमित्त रू ५०० पाँचसय धरौटी लिइने छ। ठेक्काको निर्णय भएपछि ठेक्का नपाउनेहरूको धरौटी फिर्ता दिइनेछ । ठेक्का पाउनेको धरौटी निजले दिनुपर्ने रायल्टीमा हिसाव गन गरी आमदानी बाँधिने छ। र रायल्टीमा नपुगे रूपयाँ पनि ठेकदारले काम शुरू गर्नु अगाव दाखिल गर्नु पर्दछ। रायल्टी बुझाउन म्याद दिइने छैन। ठेक्का सदर भै गएको ३५ दिन भित्र रायल्टी बुझाउन नसकेमा डिपोजिट जफत भै अर्को ठेक्का वन्दोबस्त गरिनेछ ।

(५) शुरू वर्षलाई गोस्वाराले कुनै खोलाको ढुंगा निकासी गर्न ठेक्काको सूचना प्रकाशित गर्नु अगावै पब्लिक वर्क्स बिभागका चीफ इन्जिनीयर ( रोडस ) लाई बिभागको कामलाई चाहिने नचाहिने बुझने दोश्रा बर्षदेखि अर्थिक वर्ष शुरू हुने कमसेकम ३ महिना अगावै चीफ इन्जिनीयर ( रोडस ) पब्लिकवर्क्स बिभागले कुनै कुनै खोलाको ढुंगा सडक बनाउन चाहिन हो तेस्को नाउँ खुलाई खानि बिभागलाई सूचना गर्नेछ र खानि बिभागले सम्बन्धीत गोस्वारालाई सूचित गर्नेछ । तथा यस्ता खोलाहरूको ढंगा निकासी गर्ने ठेक्का कसैलाई दिइने छैन ।

आज्ञाले—
नीरराज,
श्री ५ को सरकारका सचिव,
अर्थ ( आय ) मन्त्रालय

5-307

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।